# कोभिड-१९ केश इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिंग टिम परिचालन तथा व्यवस्थापन निर्देशिका, २०७७

(नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत मिति: २०७७/२/२८)

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**कोभिड-१९ केश इन्भेस्टिगेसन तथा कन्टयाक्ट ट्रेसिंग टिम परिचालन तथा व्यवस्थापन निर्देशिका, २०७७**

**प्रस्तावना**ः कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि कोभिड-१९ का शंकास्पद, संभावित र पुष्टि भएका बिरामीहरूको केश अनुसन्धान र निजका कन्टयाक्टमा आएका व्यक्तिहरूको खोजपड्ताल गर्न हरेक स्थानीय तहहरूमा प्राविधिक जनशक्ति रहेको टिम गठन गरी परिचालन गर्न यो निर्देशिका जारी गरिएको छ।

**१. मार्ग निर्देशनहरूः**

1.1. **टिम गठन सम्बन्धमाः** प्रत्येक स्थानीय तहमा कम्तिमा एउटा केश इन्भेस्टिगेसन तथा कन्टयाक्ट ट्रेसिंग टिम गठन गर्नु पर्नेछ । प्रत्येक टिममा एक-एक जना जनस्वास्थ्य अधिकृत (जनस्वास्थ्यमा कम्तिमा स्नातक तह), नर्स/पारामेडिक्स तथा ल्याब टेक्निसियन वा ल्याब असिस्टेन्ट गरी तीनजना सदस्य रहने छन् । उक्त टिमले स्थानीय तहसँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

1.2. संक्रमणको अवस्था हेरी प्रत्येक गाउँपालिकामा १वटा, नगरपालिकामा २वटा, उपमहानगरपालिकामा ३वटा र महानगरपालिकामा ५वटा सम्म टिम गठन गरी परिचालन गर्न सकिनेछ । यसरी गठन भएका टिमहरूको नाम नामेसी, सम्पर्क नम्बर तथा इमेल ठेगाना समेत प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपतकालीन संचालन केन्द्रमा पठाउनु पर्नेछ ।

1.3. यसरी गठन गरिएका टिमलाई प्रदेश सरकारको समन्वयमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा तथा राष्ट्रिय तालीम केन्द्रले भर्चुअल विधिबाट तालीम तथा अन्य आवश्यक निर्देशन दिनु पर्नेछ ।

1.4. आवश्यकता अनुसार तत्काल परिचालन हुन सक्ने गरी टिमहरू तम्तयार अवस्थामा राखु पर्नेछ ।

**२. टिमको प्रमुख कार्य क्षेत्रहरूः**

(क) केश अनुसन्धान

(ख) कन्टयाक्टमा आएका व्यक्तिहरूको पहिचान

(ग) सामान्य परामर्श, फलोअप तथा रेफर

(घ) नमुना संकलन वा द्रुत परीक्षण

(ङ) सुपरिवेक्षण तथा अनुगमन

(च) तथ्यांक संकलन, प्रविष्टि, विश्लेषण तथा विश्लेषणात्मक प्रतिवेदन

(छ) संचार, समन्वय र सहकार्य

(ज) स्थानीय तहमा संचालित स्वास्थ्य सेवाहरूमा आवश्यक प्राविधिक सहयोग

(झ) आवश्यकता अनुसार अन्य सरुवा रोगहरूको प्रकोप व्यवस्थापन

**३. टिमको मुख्य जिम्मेवारीः**

३.१. शंकास्पद, सम्भावित तथा पुष्टि भएका बिरामीहरूको निर्दिष्ट केश अनुसन्धान फाराम भरी विस्तृत जानकारी लिने,

३.२. शंकास्पद, सम्भावित तथा पुष्टि भएका बिरामीहरूको सबै कन्टयाक्टहरूको लाइन लिष्टिङ तयार पार्ने,

३.३. स्थानीय राजनीतिक नेतृत्व, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम् सेविका, स्थानीय प्रहरी तथा व्यक्तिहरूको सहयोगमा लाइन लिष्टिङमा रहेका व्यक्तिहरूको पहिचान गर्ने,

३.४. सबै कन्टयाक्टहरूलाई सम्भव भए सम्म प्रत्यक्ष भेटेर नभए फोन मार्फत अन्तर्वार्ता लिने र तोकिएको फाराममा सूचनाहरू अद्यावधिक गर्ने,

३.५. सबै कन्टयाक्टहरूलाई आवश्यक परामर्श दिने,

३.६. सात दिनको अन्तरालमा सबै कन्टयाक्टहरूको फलोअप गर्ने र सोको जानकारी तोकिएको फाराममा सूचनाहरू अद्यावधिक गर्ने,

३.७. कन्टयाक्टमा आएका व्यक्तिहरूलाई स्व-क्वारेन्टाइन बस्न निर्देशन दिनुका साथै पालना गर्नु पर्ने विविध पक्षहरूबारे जानकारी दिने र स्व-क्वारेन्टाइन बस्न निर्देशन दिएका व्यक्ति स्व-क्वारेन्टाइनमा बसे नबसेको अनुगमन गर्ने ।

३.८. केश अनुसन्धान फाराम, कन्टयाक्ट अन्तर्वार्ता फाराम तथा फलोअप फारामहरूको एक प्रति प्रदेशको सामाजिक विकास मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने,

३.९. कन्टयाक्टमा आएका व्यक्तिहरूमा कुनै चिन्ह वा लक्षणहरू देखिएमा तुरुन्तै आइशोलेसनमा पठाउने व्यवस्थाका लागि समन्वय गर्ने र प्रयोगशाला परीक्षण सम्बन्धी निर्देशिका बमोजिम आर.डी.टि वा पी.सी.आर. विधिबाट जाँचको प्रबन्ध मिलाउने,

३.१०. स्थानीय तहमा शारीरिक दूरी, संस्थागत क्वारेन्टाइन, संक्रमण रोकथाम तथा नियन्त्रणका विभिन्न रणनीतिहरू कार्यान्वयन गर्न मद्दत पुराउने,

३.११. यस टिमले आवश्यकता अनुसार महिला स्वास्थ्य स्वयं सेवक तथा अन्य सहयोगी संस्थाका प्राविधिकहरू समेत परिचालन गर्न सक्नेछन्,

३.१२. यस टिमले स्थानीय क्षेत्रहरूमा महामारीको द्रुत अध्ययन गरी स्थानीय तहलाई नियमित रूपमा अध्ययनको विश्लेषणात्मक प्रस्तुति गर्नु पर्नेछ । यस कार्यले स्थानीय तहमा हुने जनस्वास्थ्यका गतिविधिलाई संचालन गर्न सहयोग गर्नेछ,

३.१३. यस टिमले स्थानीय तहमा रहेका द्रुत प्रतिकार्य टिमको समन्वयमा कार्य गर्नु पर्नेछ,

३.१४. स्थानीय स्तरमा संचालित कोभिड १९ सँग सम्बन्धित कृयाकलापहरूको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने र सोको जानकारी स्थानीय तहलाई जानकारी गराउने,

३.१५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको केश इन्भेस्टिगेसन तथा कन्टयाक्ट ट्रेसिंग कार्यविधिलाई अनिवार्यरूपमा पालना गर्नु पर्नेछ,

३.१६. यो टिमलाई कोभिड १९ बाहेकका अन्य सरुवा रोगहरूका प्रकोपहरूमा पनि आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ ।

**४. प्रदेश सरकारको जिम्मेवारीः**

४.१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा उक्त टिमहरूलाई तालीमको व्यवस्था मिलाउने,

४.२. टिमहरूलाई आवश्यक सामग्रीहरूको स्थानीय तहबाट उपलब्ध हुन नसकेमा अपुग सामग्री (फारामहरू समेत) तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने,

४.३. केश अनुसन्धान फाराम, कन्टयाक्ट अन्तर्वार्ता फाराम तथा फलोअप फारामहरूको सूचना तोकिएको सफ्टवेयरमा दिनहुँ अद्यावधिक गर्ने,

**५. स्थानीय तहको जिम्मेवारीः**

५.१. उपरोक्त अनुसारका टिमहरू गठन गरी प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपतकालीन संचालन केन्द्रमा पठाउने,

५.२. यस कार्यका लागि आवश्यक जनशक्ति सम्भव भएसम्म सरकारी सेवामा उपलब्ध जनशक्तिबाट परिचालन गर्ने र सम्भव नभएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम करार सेवामा लिई परिचालन गर्ने,

५.३. आवश्यकता अनुसार व्यक्तिगत सुरक्षाका साधनहरू तथा अन्य सामग्रीहरू उपलब्ध गराउने ।

## ६. आर्थिक श्रोतको व्यवस्थाः

यस टिम परिचालनका लागि लाग्ने सम्पूर्ण खर्चको व्यवस्था स्थानीय तहले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि छुट्याइएको कोष/बजेटबाट मिलाउनु पर्नेछ ।यदि रकम अपुग भएमा प्रदेश तथा संघीय सरकारसँग माग गर्न सकिनेछ । निर्देशिका बमोजिमको कामका लागि आवश्यक रकम कोरोना संक्रमण नियन्त्रण, रोकथाम र उपचार कोषबाट व्यहोरिनेछ ।

## ७. कार्यान्वयन अवधि र खारेजी

यो निर्देशिका कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि संचालन गरिएको अवधि सम्मका लागि मात्र कायम रहनेछ र त्यस पश्चात् स्वतः खारेज हुनेछ।